# पञ्चकन्या गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट

प.स :- ०७६।०७७
च.न :- ८५०

वाग्मती प्रदेश, नेपाल
मिति:२०७६।१०।०५

विषय : सहभागिता सम्बन्धमा ।

श्री विदुर नगरपालिका, नुवाकोट,
श्री वेलकोटगढी नगरपालिका, नुवाकोट,
श्री ककनी गाउँपालिका, नुवाकोट
श्री शिवपुरी गाउँपालिका,नुवाकोट,
श्री दुप्चेश्वर गाउँपालिका, नुवाकोट,
श्री लिखु गाउँपालिका, नुवाकोट,
श्री तादी गाउँपालिका, नुवाकोट
श्री मेघाङ गाउँपालिका, नुवाकोट,
श्री तार्केश्वर गाउँपालिका, नुवाकोट,
श्री किस्पाङ गाउँपालिका, नुवाकोट
श्री सुर्यगढी गाउँपालिका, नुवाकोट,

उपरोक्त सम्बन्धमा यस पञ्चकन्या गाउँपालिकाको आयोजनामा **"खेल मार्फत सम्वन्ध वृद्धि : स्वस्थ जनशक्ति, पर्यटन विकास र समृद्धि"** भन्ने मुल नाराका साथ मिति २०७६ साल माघ १५ गतेदेखि माघ १८ गते सम्म संचालन गर्ने भनि तय गरिएको नुवाकोट जिल्ला अन्तरपालिका स्तरिय प्रथम "चेयरमेन कप" भलिवल प्रतियोगिता, नुवाकोट उद्योग वाणिज्य संघको आयोजनामा यहि मिति २०७६ साल माघ १६ गते देखि माघ २६ गते सम्म हुन गईरहेको नुवाकोट महोत्सव, श्री त्रिवेणी धाम सुधार तथा संरक्षण संस्थाले यहि माघ १६ देख २४ सम्म संचालन गर्न गईरहेको श्रीमद् भागवत् सप्ताह ज्ञान महायज्ञ लगायत अन्य कार्यक्रमहरु संग जुध्न गएको सन्दर्भलाई मध्यनजर गर्दै उक्त नुवाकोट जिल्ला अन्तरपालिका **स्तरीय प्रथम** ***"चेयरमेन कप"*** भलिवल प्रतियोगिता मिति २०७६ माघ २५ गते देखि २८ गते सम्म संचालन गर्न लागिएकोले ताँहा पालिकावाट नयाँ तय गरिएको मितिको आधारमा तल उल्लेखित शर्तहरुको अधिनमा रहि भलिवल टिम सहभागी गराईदिनु हुन अनुरोध गरिन्छ ।

तेज वहादुर तामाङ
अध्यक्ष

तेज वहादुर तामाङ
अध्यक्ष

# पञ्चकन्या गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## लाकुरीभञ्ज्याङ, नुवाकोट

प.स :- ०७६।०७७
च.न :-

वाग्मती प्रदेश, नेपाल
मिति:२०७६।१०।०५

शर्तहरु :

१) एउटा गाउँपालिका तथा नगरपालिकाले एउटा मात्र टिम समावेश गर्नुपर्नेछ ।

२) एक टिममा १२ जना खेलाडी र १ जना टिम व्यवस्थापकका साथै १ जना प्रशिक्षक गरि १४ जना समावेश गर्नुपर्नेछ ।

३) सहभागी हुने खेलाडी सम्वन्धित गा.पा / न. पा भित्रको हुनपर्ने छ ।

४) खेलाडी र टिमको नामावली खेल उदघाटन सत्रभन्दा एक हप्ता अगाडी २०७६ साल माघ १० गते सम्ममा पञ्चकन्या गा.पा मा उपलब्ध गराइ सक्नु पर्नेछ ।

५) खेलाडीको नामनामेसी पठाउदा गा.पाको लेटरप्याडमा खेलाडीको सम्वन्धित गा.पा । न.पा वाट बनेको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गरी पठाउनुपर्ने छ ।

६) कुनै खेलाडीको विषयमा दुविधा रहे उजुरी गर्न सकिनेछ । उजुरी पश्चात ४५ मिनेट भित्र छानविन गर्दा प्रमाण जुटाउन नसके पुरै टिम नै रद्ध गरिनेछ ।

७) भलिबल खेल राष्ट्रिय स्तरको रेफि द्धारा खेलाइनेछ यसका साथै भलिवलको अन्तरराष्ट्रिय FIVB नियमानुसार खेलाइनेछ ।

८) उदघाटन सत्रको दिनको वेलुकाबाट मात्र खेलाडी र टिम व्यवस्थापक र प्रशिक्षकको लागि खानाको व्यवस्था गरिनेछ ।

९) खेलको समयमा आ-आफ्नो पालिकाको पोषाक र जुत्ता अनिवार्य हुनपर्नेछ ।

# पञ्चकन्या गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट

प.स :- ०७६।०७७
च.न :-

वाग्मती प्रदेश, नेपाल
मिति:२०७६।१०।०५


१०) खेल अवधिमा खेलाडी घाइते भएमा प्राथमिक उपचारको व्यवस्था गरिनेछ ।

११) खेल समयावधि उपस्थित खेलाडी टिमले आयोजकको व्यवस्था गरेको वा तोकिएको स्थानमा अनुशासित र मर्यादित ढंगले बस्नुपर्ने छ ।

१२) खेल अवधिभर केहि गुनासो वा केहि समस्या भएमा टिम क्याप्टेन मार्फत आयोजक समक्ष प्रस्तुत गर्न सकिनेछ ।

१३) खेल समयावधिभर खेलाडीहरु मध्येवाट अवान्छित क्रियाकलाप भएगरेको पुष्टि भएमा पुरै टिमनै अयोग्य भई सम्पुर्ण खेल गुमाउनेछ ।

१४) पहिलो खेल खेल्न अगाडि खेलाडीको सम्वन्धित पालिकाबाट लिएको नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य सक्कलनै देखाएर मैदान प्रवेश गराईनेछ ।

१५) उद्घाटन सत्रको दिन सहभागी गा.पा तथा न.पा ले सम्भव भएसम्म आफ्नो पहिचान झल्कने झाँकी सहित खेल मैदान प्रवेश गराउनहुन अनुरोध छ ।

१६) खेल अवधिमा खेल मैदानमा खेलाडीले खेल विथोल्ने हेतुले झैझगडा वा अन्य वितण्डा मचाउने गतिविधि भए गरेमा सो खेल स्वत्त: अन्त्य गरि विपक्ष टिमलाई विजेता घोषण गरिनेछ ।

१७) टिम दर्ता शुल्क :- ५००० ।

बोधार्थ : श्री सुचना प्रविधि शाखा प्रत्येक स्थानीय तहलाई Gmail मार्फत सुचित गराईदिनु हुन र वेबसाईटमा अपलोड गरिदनु हुन ।